जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

# जीतपुरसिमरा उपमहानगरपालिका

## आठौं नगरसभाको बैठक

## आ.व.२०८०/०८१

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुर, बारा

प्रमाणिकरण गर्ने:

राजन पौडेल

नगरसभामा प्रस्तुत मितिः- २०८०/०३/०२

नगरसभाबाट स्वीकृत मितिः- २०८०/०३/०२

प्रमाणिकरण मितिः- २०८०/०३/०३

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

# जीतपुरसिमरा उपमहानगरपालिका

## आ.व.२०८०/०८१

## को

# नीति तथा कार्यक्रम

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुर, बारा

<u>प्रस्तुतकर्ता</u>

राजन पौडेल

नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

# आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

जीतपुरसिमरा उपमहानगरपालिकाको गरिमामय आठौं नगरसभामा उपस्थित नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, आमन्त्रित महानुभाव लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारण बाट सुनिरहनुभएका नगरवासी आमावुवा, दिदिवहिनी, दाजुभाईहरुमाझ जीतपुरसिमरा उपमहानगरपालिकाको आठौं नगरसभाको पहिलो वैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्वोधन गर्न पाउँदा म गौरवान्वित छु ।

नेपालको इतिहासका धेरै अप्ठ्यारा एवं विषम परिस्थिती पार गर्दै आजको अवस्था सम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिनताको झण्डा फहराउँदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुदैं आएको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि २००७ सालको क्रान्ती तथा इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि वढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते अपांगहरु प्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।

जीतपुरसिमरा उपमहानगरपालिकाको विकास निर्माण, आर्थिक तथा सामाजिक क्रियाकलाप लगायत विविध क्षेत्रमा छोटो अवधिमा निकै परिवर्तन आएको महसुस मैले गरेको छु । तिमध्ये केही यसप्रकार रहेका छन्

- जीतपुरसिमरा उपमहानगरपालिकाको आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको ।
- उपमहानगरपालिकाको कार्यसम्पादनमा सरलता ल्याउन तथा सेवा प्रवाहलाई थप सुदृढ गर्न ८ वटा ऐन, १४ वटा कार्यविधि र ३ वटा निर्देशिका गरी २५ वटा स्थानीय कानून बनाईएको ।
- सहकारी संस्थाहरुको संस्थागत अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन प्रयास गरिएको ।
- विगतको परम्परालाई तोड्दै वैशाख महिनाभित्रै योजना तथा कार्यक्रमहरुको सम्झौता तथा कार्यादेश दिइ योजना तथा कार्यक्रम संचालनमा ल्याइएको ।
- वडास्तरीय तथा नगरस्तरीय योजना तथा कार्यक्रमका सम्झौताको विवरण सार्वजनिक गरी पारदर्शीता कायम गरिएको ।
- नगरपालिकाको शिक्षामा गुणस्तरीयता कायम गर्न सामुदायिक विद्यालय समायोजन, शिक्षक दरवन्दी मिलान जस्ता कार्यको थालनी गरिएको ।
- नगरपालिका र मातहतका कार्यालयमा कार्यरत सेवा करारका कर्मचारहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकिएको मापदण्ड वमोजिम कार्यसम्पादन मूल्यांकन गरी सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाउने प्रयास गरिएको ।
- स्थानीय तथा जेहेन्दार एक जना विद्यार्थीलाई स्नातक तहमा ईन्जिनियरिङ् पढ्न पूर्ण छात्रवृत्ति प्रदान गरिएको ।
- सेवाप्रवाहलाई चुस्तता तथा सरलता वनाउन कर्मचारी संगठन व्यवस्थापन (O&M) को पुन:संरचना गरिएको ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

- जीतपुरसिमरा उपमहानगरपालिकाको ईतिहासमै पहिलो पटक हिउँदे नगरसभा गरिएको ।
- सार्वजनिक जग्गा संरक्षण गर्ने प्रयत्न स्वरुप जीतपुर गौशालाको अनाधिकृत संरचना भत्काईएको छ भने सिमरा लगायत अन्य क्षेत्रमा पनि सार्वजनिक जग्गा संरक्षण गर्न प्रक्रियामा रहेको ।
- मन्दिर पुनर्निमाण जिर्णोद्धार कार्यक्रम अन्तर्गत कृष्ण मन्दिर वडा नं. २, कृष्ण मन्दिर वडा नं. ४, दक्षिणकाली मन्दिर वडा नं. २२, बाललिङ्गेश्वर मन्दिर वडा नं. १, निर्माण तथा मर्मत सम्भार कार्यको तयारीमा रहेको ।
- वडा नं. ६ को नगौल र सिदरीयाटोल मा मस्जिद निर्माण, वडा नं. १९ मथुरापुरमा मस्जिद निर्माण, वडा नं. २० मा मन्दिर निर्माण गरिएको ।
- समूहमा आवद्ध महिलाहरुलाई सिपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन १२० जना भन्दा बढीलाई उद्यमशिलता तालिम प्रदान गरिएको ।
- कोभिड - १९ बाट संक्रमित भएका विरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, पारमर्श तथा उपचारको लागि मनोसामाजिक परामर्श, कोभिड परिक्षण गरिएको ।
- प्राथमिक स्वास्थ्य केन्द्र सिमरालाई जीतपुरसिमरा नगर अस्पतालमा र जीतपुर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा परिणत गरी स्वास्थ्य सेवा प्रवाह गरिएको ।
- मानवसेवा आश्रमसँगको सहकार्यमा जीतपुरसिमरा उपमहानगरपालिकाभित्र रहेका सहयोगापेक्षी मानवको उद्धार कार्यको थालनी गरिएको ।
- पूर्वाधार निर्माणमा पार्क निर्माण, सडक कालोपत्रे, सडक ढलान तथा कालोपत्रे, सडकमा ढुंगा ब्लक छाप्ने, रिटेनिङ्वाल निर्माण, ढल निकासका लागी नाला निर्माण, अस्पताल भवन निर्माण लगायतका पूर्वाधार निर्माण कार्य गरिएको ।
- काठमाडौं महानगरपालिकासँग भगिनी सम्बन्धको प्रक्रिया अगाडी बढाइएको ।
- उपमहानगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयका कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको ।
- काठमाण्डौं विश्वविद्यालयसंग प्राविधिक तथा प्राज्ञिक क्षमता आदनप्रदान गर्न सम्झौता ज्ञापनपत्र (MOU) प्रक्रिया अगाडी बढाईएको ।
- राष्ट्रिय भुमी आयोग संगको समन्वयमा भूमिहिन दलित, भुमिहिन सुकुम्वासी बसोवास रहेको अपुरो अधुरो जग्गा लाई चेक जाँच गरि जग्गा धनी पुर्जा वितरणको प्रक्रिया सुरु गरिएको ।

माथी उल्लेखित कार्यका अलवा अन्य विविध योजना, कार्यक्रम तथा नीतिगत विषयमा भएका कार्यहरुको सभाले अनुमोदन गर्नेछ साथै कार्यालयबाट नियमानुसार भएका निर्णयहरुको समेत अनुमोदन हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त रहँदै म आज जीतपुरसिमरा उपमहानगरपालिकाको आठौं नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अन्य कार्यक्रमगत श्रोत तथा राजस्व बाँडफाँडको रकममा कमी हुने गरी श्रोतको सुनिश्चितता प्राप्त भएको छ । साथै, नगरपालिकाको आन्तरिक श्रोतमा कमी आउने तथा वाह्य श्रोत व्यवस्थापन समेत चुनौतीपूर्ण हुने देखिएको छ भने अर्कोतर्फ उपमहानगरपालिकाको विकास र सेवा प्रवाहका साथै आम नागरिकको अपेक्षा अनुरुप कार्य पद्धति व्यवस्थापनमा श्रोत परिचालन थप चुनौतीपूर्ण बन्ने निश्चित छ ।
विना स्वार्थ सेवा गर्नुहुने निर्वाचित पदाधिकारीहरु, आम स्वास्थ्यकर्मी, सुरक्षा निकायहरु, राष्ट्रसेवक कर्मचारीहरु, निर्माण व्यवसायी लगायत सम्वद्ध सबै पक्षको भूमिकाको उच्च सम्मान गर्दछु । नेतृत्वदायी भूमिका निर्वाह गर्ने उप प्रमुख, वडा

राजन पौडेल
नगर प्रमुख

अध्यक्ष, कार्यपालिका सदस्य, निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दलका नेतृत्व तथा कार्यकर्ताहरु, स्वंयम् सेवकहरु प्रति म विशेष कृतज्ञता व्यक्त गर्दछु । दैनिक प्रशासनिक लगायतका कार्यका साथसाथै सहज र सरल रुपमा नागरिक समक्ष सेवा प्रवाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारी लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दछु।

खण्ड - १

१. प्रारम्भ

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा जीतपुरसिमरा उपमहानगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ । यस नगरपालिकामा मिति २०७९ बैशाख ३० गते स्थानीय तहको दोश्रो चुनाव सम्पन्न भई कार्यभार ग्रहण गरेको एक वर्ष पुरा भएको छ । हाम्रो लोकतान्त्रीक अभ्यास र आफ्ना प्रतिनिधी मार्फत जनचाहना अनुरुपका कार्यहरु सुरु भएको छ । यी कार्यहरुमा प्रत्यक्ष/परोक्ष सहयोग पुर्याउनु हुने सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

१.१ परिचय

गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत यस जीतपुरसिमरा उपमहानगरपालिकामा साविकका भवानीपुर जीतपुर, पिपरा सिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगंज, इनर्वासिरा गा.वि.स.को पुरै भाग र मनहर्वा गा.वि.स.को १,२,३,७,८,९, हरैयाको गा.वि.स.को १, प्रस्टोका गा.वि.स.को १,२ र रामपुरटोकनी गा.वि.स.को ३ नं. वडा समेटिएको छ । यस उपमहानगरपालिकामा २४ वटा वडा छन् करिव ३१४ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस उपमहानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिका, पश्चिममा वीरगंज महानगरपालिका, उत्तरमा हेटौंडा उपमहानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र कलैया उपमहानगरपालिका रहेका छन् । संघीय नेपालको स्थानीय संरचना अनुसार बारा जिल्लामा पर्ने जीतपुरसिमरा देशकै १७ ठूला स्थानीय तहहरुमध्ये एक उपमहानगरपालिका हो । औद्योगिक क्षेत्रको रुपमा ख्यातीप्राप्त यो उपमहानगरपालिका वहुजातीय, वहुधार्मिक, वहुसांस्कृतिक पृष्ठभूमी बोकेको एउटा साझा थलो हो । पथलैया - वीरगंज औद्योगिक करिडोर, पर्सा राष्ट्रिय निकुञ्ज, सिमरा रंगशाला, दोस्रो अन्तराष्ट्रिय विमानस्थल, विषेश आर्थिक क्षेत्र (SEZ) यी र यावत विशेषताले भरिपूर्ण जीतपुरसिमरा उपमहानगरपालिका आफैंमा अथाह सम्भावना बोकेको देशकै महत्वपूर्ण हिस्सा हो ।

१.२ अवसर

आफ्नो समस्या आफ्नै प्रतिनिधीबाट समाधान गराउन पाउने अधिकार प्राप्तीको लागि २०७४ साल आश्विन ०२ गते यस जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय तहको पहिलो र २०७९ वैशाख ३० गते दोश्रो निर्वाचन सम्पन्न भै एक वर्ष हुँदै गर्दा विकास निर्माणका कार्य तिव्रता भइरहेकै छ । तथापी आगामी दिनमा यस उपमहानगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ती विकास, रोजगार, आयमुलक, सिपमुलक एवम पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु संचालनमा यस नगरको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ संस्था, स्थानीय वासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निस्वार्थ ढंगले रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ ।

१.३ चुनौती

यस उपमहानगरपालिकाबाट हाल सम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्ययोजनामा समावेस गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउन हामीले विभिन्न क्षेत्रमा आवश्यकता र औचित्यताको पहिचान

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय तथा स्थानीय भवन आचार संहिता, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, नगरपालिका यातायात गुरु योजना, सर्वसाधारणको इन्टरनेटमा पहुँच, सामाजिक सुरक्षामा सहजता, भ्रष्टाचार शून्य सहनशील उपमहागरपालिका घोषणा, सामुदायेक स्वास्थ्य क्लीनिक, छाडा पशु चौपाया नियन्त्रण व्यवस्थापन, सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम, वातावरण मैत्री कार्यालय, भवन आचार संहिता सम्वन्धी तालिम, बाल श्रम निषेध कार्यक्रम, कृषि विद्युतीकरण, विपादि रहित कृषि एवं हरित क्षेत्र कार्यक्रम, सरसफाई कार्यक्रम, होमस्टे कार्यक्रम संचालन, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण, पर्यटन विकास लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवं जिम्मेवारी यस उपमहानगरपालिकामा आएको छ । यस क्षेत्रभित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, आन्तरिक बजारीकरण व्यवस्था, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्विक सम्पदा, प्राकृतिक सौन्दर्यता र पर्यटन विकास, सक्षम एवं सवल जीतपुरसिमरा उपमहानगरपालिका बनाउने र अधिकतम आवश्यकता लाई न्यूनतम स्रोत साधन बाट सम्वोधन गर्नु पर्ने अवस्था हाम्रो लागि चुनौती वनेको छ ।

## खण्ड - २
## आगामी आ.व. २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट

जीतपुरसिमरा उपमहानगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका वनाउन आवश्यक ऐन, नियम, नीति, कार्यक्रम समेतको उपर्युक्त कार्यन्वयनको लागि निम्न अनुसार नीति, कार्यक्रम पेश गरिएको छ ।

### २.१ परिकल्पना
आत्मनिर्भर, सक्षम एवं जनमुखी स्थानिय सरकार ! समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार !

### २.२ सोच
जीतपुरसिमरा उपमहानगरपालिका वासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सक्षम एवं सवल नगर बनाउने मुख्य सोच रहेको छ ।

### २.३ लक्ष्य
विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको जीतपुरसिमरा उपमहानगरपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिकिकरण र नागरिक शसक्तिकरण गर्दै सक्षम एवं सवल वनाउने लक्ष्यका साथ नगरलाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गरि आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर एवं सवल नगर वनाउने लक्ष्य राखिएको छ ।

### २.४ उद्देश्य
स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं समूदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शीता कायम गरी समावेसी समानुपातिक विकासको अवधारणामा नगरपालिकाकाको


राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा

समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धि गरिनेछ । लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा वृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको प्रत्याभुती सहित ऐतिहासीक कला, संस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्धारा देशकै नमूना उपमहानगरपालिकाको रुपमा सवलीकरण गर्दै सक्षम र आत्मानिर्भर नगर वनाउने मुख्य उद्देश्य हुनेछ ।

२.५ अवलम्वनका आधारहरु

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन ।

- संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु ।
- स्थानीय तह सम्वन्धी जारी ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानूनी व्यवस्थाहरु ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् विभिन्न माध्यमबाट संकलन भएका सुझावहरु ।
- विषयगत कार्यालय र निकायवाट प्राप्त राय सुझावहरु ।
- नगरसंग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्शबाट प्राप्त राय एवम् सुझावहरु ।

## खण्ड - ३

## क्षेत्रगत समग्र नीति तथा आधारहरु

यस जीतपुरसिमरा उपमहानगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि यस उपमहान्गरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

३.१ सामान्य प्रशासन नीति

३.१.१ जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिने छ।

३.१.२ नगरपालिका बाट उपलब्ध गराइने सेवाग्राहीसंग सम्बन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज बनाइनेछ ।

३.१.३ नगरपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिनेछ ।

३.१.४ नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, वृद्ध बृद्धा एवं दृष्टिविहिनहरुको लागि प्राथमिकताका साथ एकद्धार प्रणालीवाट उपलब्ध गराइनेछ ।

३.१.५ कर्मचारीहरुको कार्य सम्पादन तथा मूल्यांकन विधि लाई प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरणका साथ दण्ड, पुरस्कार पद्धतीको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

३.१.६ नगरपालिका कर्मचारी कल्याण कोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याइनेछ ।

राजन पौडेल
नगर प्रमुख

३.१.७ मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि नगरपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

३.१.८ नगरपालिकाको तथा वडा कार्यालयहरुको सुरक्षा सवलिकरणका लागि नगर प्रहरीको व्यवस्था मिलाइनेछ ।

३.१.९ कर्मचारीले पाउने सेवा सुविधाहरु, योग्यताको आधारमा पद वर्गिकरण गरिनेछ ।

३.१.१० नगर सभा सदस्यहरुको बिमा र क्षतिपूर्तीको निर्धारण गरिनेछ ।

३.१.११ कर्मचारीहरुको सरुवा अन्तर वडा तथा पालिकामा आवश्क्ता अनुसार गरिनेछ ।

३.२. सेवा प्रवाह नीति

३.२.१ आम नगरवासीका लागि सहज र सुलभ सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नगरवासीको दैलोमा सेवा पुर्याउन सेवा प्रवाहको विशेप रणनीति निर्माण गर्दै लगिनेछ ।

३.२.२ आम नागरिकलाई सहज सेवा प्रवाह गर्न नगरपालिका, वडा कार्यालय तथा विपयगत कार्यालयहरुले सेवाको प्रकृति र अवस्था अनुसार सेवा, कर्मचारी, कार्यदिन र कार्यक्षेत्रलाई आधार मानी समूहीकरण गर्दै सेवा प्रवाहको ढाँचा, विधि र प्रक्रियाको निर्धारण गर्ने नीति लिइनेछ ।

३.२.३ सेवा प्रवाहको विधि र प्रक्रियालाई अनलाईन प्रविधि, आलोपालो विधि र टोकन पद्धतिसँग आवद्ध गर्दै लगिनेछ, प्रवाह गरिने सेवालाई अत्यावश्यक, विशेष र सामान्य गरी वर्गीकरण गरिनुका साथै सोही अनुरुप सेवाको स्तर निर्धारण गर्दै कार्यकक्ष, जनशक्ति र सेवा प्रवाहको विधि निर्धारण गर्ने नीति लिइनेछ ।

३.२.५ सेवा प्रवाह गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुको हरेक ६/६ महिनामा Whole Body Checkup गर्ने व्यवस्था गरिनुका साथै स्वास्थ्य जोखिम देखिएको अवस्थामा तत्काल त्यसको सम्बोधन गर्ने पद्धतिको विकास गरिनेछ ।

३.२.६ नगर कार्यालय र वडा कार्यालयलाई पूर्ण डिजिटलाइजेशन गराउन अफिसअटोमेशन तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३.२.७ सार्वजनिक सेवा प्रवाहसँग बीमालाई आवद्ध गरी घरको नक्सापास तथा निर्माण सम्पन्न लिँदै गर्दा घर बीमालाई अनिवार्य गरिनेछ ।

३.२.८ नगरपालिकाद्वारा प्रवाह गर्ने सेवालाई क्रमश होम डेलीभरी सेवाको रुपमा सरकारको अबधारणा अनुरुप बिस्तार गर्दै लगिनेछ ।

३.२.९ यस उपमहानगरपालिकाभित्र रहेका शिक्षा, स्वास्थ्य र वडा कार्यालयलाई व्यवस्थित बनाउनको लागि डिजिटल हाजिर र सि.सि. क्यामरा व्यवस्था गरी सोको निगरानी सम्वन्धित वडा कार्यालयबाट गरिनेछ ।

३.२.१० यस उपमहानगरपालिकाको कार्यालयसंगै विगतमा चमेनागृहको रुपमा ठेक्का आह्वान गरि भवन बनिरहेको तर सेवा प्रवाह गर्न कार्यालयको प्रशासनिक भवनको कमी भएकोले हाललाई प्रशानिक भवन अत्यावश्यक भएकोले उक्त चमेनागृहको भवनलाई प्रशासनिक भवनको रुपमा निर्माण गरिनेछ ।

३.३. राजश्व तथा आर्थिक प्रशासन नीति

३.३.१ नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।

३.३.२ नगरपालिकाको स्वायत्त अधिकार भित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति वनाई स्रोत साधन परिचालन गरिने छ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.३.३ आन्तरिक स्रोत तर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुली लाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लांगि राजश्व असुलीको योजनालाई निरन्तरता दिईने छ ।

३.३.४ व्यवसाय कर, बहाल कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ र साथै दोहोरो कर निरुत्साहन गर्दै नगरपालिकाभित्र दर्ता गरिएका व्यवसायहरुलाई पनि वैङ्किक कर्जाको व्यवस्था गर्न पहल गरिनेछ ।

३.३.५ करदाताहरुको वर्गिकरण गरी करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिव्रता दिईने छ, साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिनेछ ।

३.३.६ नगरपालिकामा रहेका निर्माणका मेशिन, औजारहरु अधिकतम उपयोगबाट आय स्रोत बढाइनेछ ।

३.३.७ हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत फर फारक नीति बनाइ शुन्यतामा लगिनेछ ।

३.३.८ नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउँदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ।

३.३.९ सेवाग्रहीले अन्य निकाय बाट सेवां लिँदा नगरपालिको कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।

३.३.१० उत्खनन् भइसकेको नदीजन्य पदार्थको निकासी मापन गर्न सफ्टवेयरको विकास गरिनेछ ।

३.३.११ जीतपुरसिमरामा व्यवसायिक भवन निर्माण गरी आन्तरिक आय वृद्धिको आधार तयार गरिनेछ ।

३.३.१२ करको दायरामा सबै करदालाई ल्याउन कर तिर्न बक्यौता बाँकी कर स्वघोषणा गरी तिर्न आएमा केही कर छुट गर्ने नीति अवलम्वन गरिनेछ ।

३.३.१३ नगरपालिकाबाट हरेक सिफारिसमा लिदैं आईएको सर्पदंश शुल्कलाई पुनर्विचार गरी आवश्यक्ता अनुसार परिवर्तन गर्दै सुचारु गरिनेछ ।

३.३.१४ जीतपुरमा रहेको सबै सरकारी बजार निर्माण, मर्मत तथा सौन्दर्यकरण गरिनेछ ।

३.४. सुशासन नीति

३.४.१ नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधीको नगरवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि सुचनालाई प्रभावकारी बनाउन नगरपालिकामा विद्युतिय माध्यमबाट सार्वजनिक गरिनेछ ।

३.४.२ नगरपालिकाबाट दिईने सेवाहरुको सुचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङ्क, सुचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा विद्युतिय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरीनेछ ।

३.४.३ नगरपालिका भित्र निजी क्षेत्रबाट संचालन हुदै आएका सार्वजनिक यातायातमा उपभोक्ता मैत्री बनाउन सम्बन्धित पक्षहरु संग समन्वय गरी उपयुक्त नीतिद्धारा व्यवस्थापन गराइने छ ।

३.४.४ संघ, प्रदेशसँगको समन्वयात्मक सम्वन्ध कायम गरी अन्तर स्थानीय तहका साथै विदेशी मुलुकका प्रतिष्ठित नगरसँग भगीनी सम्वन्धको प्रक्रिया अगाडी वढाइनेछ ।

३.४.४ शिक्षा, स्वास्थ्य, कृपि र सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सामाजिक परिक्षण गर्दै लगिनेछ ।

३.४.५ न्यायिक समिति मार्फत मिलापत्र केन्द्र, न्याय सम्पादन तर्फ सामाजिक सचेतना, सामाजिक सद्भाव कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३.४.६ महिला पुनःस्थापना केन्द्र सञ्चालन व्यवस्था मिलाईनेछ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.४.७ विगतमा बनेका ऐन, कानून एवं कार्यविधिहरुलाई आवश्यक्ता अनुसार संसोधन एवं परिवर्तन गरिनेछ ।

३.५. स्वास्थ्य सेवा सम्वन्धी नीतिः

३.५.१ नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार र प्रदेश सरकारसँग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधि एवम् उपकरण र दक्ष स्वास्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति लिइनेछ ।

३.५.२ सवै वडाको स्वास्थ्य सेवामा गुणस्तर विकास तथा सेवा प्रवाहमा बढोत्तरी गर्दै लगिनेछ ।

३.५.३ वडा स्थित स्वास्थ्य संस्थाहरु पूर्ण क्षमतामा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक नीति लिइनेछ ।

३.५.४ निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सहज पहुँचका लागि एम.वि.वि.एस. डाक्टर, प्याथोलाजि ल्याव, एक्स रे, डाइलोसिस सहित स्वास्थ्य परीक्षणको सेवा लाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

३.५.५ आम नागरिकको बस्ती तथा टोलमा नै उपस्थित भई स्वास्थ्य सेवा प्रदान गर्न घुम्ति शिविर मार्फत विशेषज्ञ सेवा, प्रयोगशाला सेवा र निःशुल्क औषधि वितरण गर्ने कार्यलाई अगाडी वढाईनेछ ।

३.५.६ महिला स्वास्थ्य स्वयम् सेविका, वडा स्थित स्वास्थ्य संस्था व्यवस्थापन समिति र स्वास्थ्य संस्थाका कर्मचारीहरुको क्षमता तथा ज्ञान अभिवृद्धिमा विशेष लगानी गर्ने नीति लिइनेछ ।

३.५.७ महामारी जस्ता परिस्थिति नियन्त्रण भन्दा वाहिर गएको अवस्थामा समेत नगरवासीको सुरक्षार्थ विशेष रणनीति निर्माण गरिनेछ ।

३.५.८ नगरभित्र रहेका संरकारी, निजी तथा सामुदायिक अस्पतालहरुसँग समन्वय तथा सहकार्य गरी विशेषज्ञ चिकित्सक सेवामा सर्वसाधारण नागरिकको पहुँच वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३.५.९ परम्परागत र आयूर्वेद उपचार पद्धतिलाई प्रवर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिदैं लगिनेछ ।

३.५.१० संघिय सरकारले प्रस्ताव गरेको श्रम अस्पताल निर्माणको लागी पहल र सहजीकरण गरीनेछ ।

३.५.११ जीतपुर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गरिएको छ जसलाई यसै आ.व. देखी एम.वि.वि.एस. डाक्टरको व्यवस्थासहित कार्यान्वयनमा ल्याईनेछ ।

३.५.१२ स्वस्थ्य विमितले अनिवार्य र सहज रुपमा विमाबाट उपचार पाउनको लागि अस्पतालमा पहल गरिनेछ ।

३.५.१३ आर्थिक अवस्था नाजुक भएको पारिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

३.५.१४ जीतपुरसिमरा उपमहानगरपालिकाभित्र रहेको स्वास्थ्य चौकीलाई क्षेत्रगत रुपमा हेरी वर्थिङ सेन्टरको रुपमा व्यवस्थापन गरिनेछ ।

३.५.१४ सम्पूर्ण वडाहरुमा एम्बुलेन्स सेवाको सहज पहुँचमा सुनिश्चितता ल्याईनेछ ।

३.६. कृषि तथा पशुपन्छी विकास सम्वन्धी नीतिः

३.६.१ कृषि क्षेत्रमा आधुनिकरणका लागि कृषि विद्युतिय सिंचाई प्रणालीको आधुनिकरण नीतिलाई अवलम्वन गर्दिै लगिनेछ साथै आवश्यक्ता अनुसार डिप वोरिङ निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३.६.२ नगरपालिका क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन, कृषि प्रणालीको निरन्तरताका साथै कृषि भूमिको संरक्षण गर्न यसको विकास र विस्तारका लागि आधुनिकीकरण गर्ने र यसैका माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइनेछ ।

राजन पौडेल
नगर प्रमुख

३.६.३ कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको वीउ विजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ।

३.६.४ पशुजन्य उत्पादनमा जोड दिंदै किसानलाई उन्नत पशु स्वास्थ्य सेवा निःशुल्क तथा लागत सोझेदारीमा सेवा दिई दुग्ध र मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन गरिनेछ । पशु पंक्षी पालनमा नश्ल सुधार कार्यक्रम तथा किसानलाई पशु बीमा गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

३.६.५ बजारमा उच्च माग भएका र तत्काल बिक्री वितरण गरी आय आर्जन गर्न सकिने नगदेवालीमा तथा मसिनो धान(बासमती) मा कृषकको प्राथमिकता र आर्कषण वृद्धि गर्न तालिम, समूह खेती, प्रोत्साहन,अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिईनेछ ।

३.६.६ युवाहरुको आकर्षण बढाई स्वरोजगारको विकास एवं आय आर्जनका लागि नगरपालिकाको आन्तरिक माग र बजारमा उच्च माग हुने मौसमी तथा वेमौसमी तरकारी खेती सहित बालीनाली विकास गराउन औषधी छर्ने मेशिन औजार वितरण, समरसेल वितरण, मोटर वितरण, लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

३.६.७ बेरोजगार यूवाहरुको स्वरोजगारी विकास, कृषि पेशामा आकर्षण बढाउन र दुध तथा दुधजन्य उत्पादनमा वृद्धी गर्न उन्नत जातका बाच्छी र पाड़ी वितरण खोर गोठ सुधार सहितको युवा स्वः रोजगार लक्षित कार्यक्रमहरु तथा तत्काल दुग्ध चिस्यान केन्द्र स्थापना गरिनेछ ।

३.६.८ युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्वःरोजगार बन्ने र बनाउने नीति अलम्बन गरिनेछ।

३.६.९ घुम्ती शिविर मार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन वृद्धि गरिनेछ.1 व्यवसायिक पशुपंक्षी फार्महरु वातावरण तथा प्रविधि मैत्री बनाउन मापदण्ड तयार गरी लागू गरिनेछ ।

३.६.१० नगरपालिका क्षेत्रमा उत्पादन गर्न सकिने उर्वर जमिनलाई बाँझो राख्न पाइने छैन । यस्ता क्षेत्रहरुमा सामुहिक खेती प्रणाली गर्न चाहने कृषक समूहलाई नगरपालिकाबाट सिंचाई, विउ विजन, औषधी तथा कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइनेछ ।

३.६.११ नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिंचाई सुविधा वृद्धि गरी कृषि उत्पादनमा वृद्धि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइनेछ । सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ ।

३.६.१२ कृषि तथा पशुपन्छी र व्यवसायिक कृषि प्रणालीका लागि संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सम्वन्धित वडा कार्यालयको पूर्व जानकारी र सिफारिसका आधारमा मात्र कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

३.६.१३ स्थानीय उत्पादन स्थानीय क्षेत्रमै उपभोग गर्ने नीतिको कार्यान्वयनका लागि वडास्तरमा नै क्यालेण्डर निर्माण गरी हप्ताको निश्चित एक दिन हाटबजारको ब्यवस्था गरी सोही हाट वजारबाट नै वाह्य वजारमा पहुँच जोडिने व्यवस्था गरिनेछ । नगरवासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै खरिद गरी उपयोग गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३.६.१४ स्थानीय किसानहरुको बीचमा स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गर्दै कृषि प्रणालीलाई सुदृढ र दिगो वनाउन कृषि मेला प्रदर्शनीको आयोजना गरिनेछ । उक्त कृषि मेला प्रर्दशनीमा स्थानीय उत्पादनको प्रर्दशनी, बिक्री वितरण, तालिम, अनुभव आदान प्रदान र कृषक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३.६.१५ व्यवसायिक रुपमा विपादी रहित प्राङगारिक कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

३.६.१६ कृषि सिंचाईका रुपमा रहेका पुराना बाँध पैनी कुलोलाई पुनः संचालनमा ल्याइनेछ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.६.१७ कृषि तथा पशु सम्बन्धी सेवा प्रवाह सरल र सहज गर्न ७ वटै सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन गरिनेछ।

३.६.१८ कृषि उपजको भण्डारणको लागि शित भण्डार तथा खाद्य भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

३.६.१९ कृषि उपज खरिद तथा बिक्री केन्द्र सहकारी,कृषक समूह, निजी क्षेत्रको सहभागीतामा संचालन गरि कृषिमा रहेको बिचौलिया नियन्त्रण गरिनेछ ।

३.६.२० प्रत्येक कृषकलाई बिमा निःशुल्क देखी पाउने अनुदान सहज रुपमा मिलाईनेछ ।

३.६.२१ जीतपुरको पाडा बजार व्यवस्थापन गरिनेछ ।

३.६.२२ कृषि प्रयोजनको लागि माटो परिक्षण प्रयोगशालाको व्यवस्था गरिनेछ ।

३.६.२३ भेटेरनरी अस्पताल र पशु चिकित्सकको व्यवस्था गरिनेछ ।

### ३.७. शिक्षा सम्वन्धी नीतिः

३.७.१ सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधारयुक्त वनाउने, पठनपाठनको गुणस्तरमा सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी बनाउने कार्य, र एक विद्यालय एक बालउद्यानको अवधारणलाई निरन्तरता दिईनेछ ।

३.७.२ सामुदायिक विद्यालयहरुको आम्दानी र खर्चलाई पारदर्शी गर्न विद्यालयहरुको लेखा लेखांकन सफ्टवेयरलाई पूर्णरुपमा लागू गरी विद्यालयहरुको वित्तीय प्रतिवेवन चौमासिक रुपमा प्रकाशन गरिनेछ ।

३.७.३ नेपाल सरकारवाट प्राप्त शिक्षा क्षेत्रको सशर्त अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३.७.४ शिक्षा विकासका लागि विद्यालयहरुका बिचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न सहकार्यको कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकारले बालबालिकाका लागि निःशुल्क खाजा कार्यक्रम उपलब्ध गराएको छ । यसलाई अझ बढी प्रभावकारी बनाउन गुणस्तर मापन गरेर मात्र खुवाउने व्यवस्था मिलाइनेछ ।

३.७.५ सामुदायिक विद्यालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्य सम्पादन करार संझौता, नतिजामा आधारित शैक्षिक क्यालेण्डर र शिकाई एवम् अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ । दलित तथा पिछडा वर्ग, महिला, तथा प्राविधिक क्षेत्रमा छात्रवृत्ती प्राप्तहरुको प्राविधिक क्षेत्रको उच्च शिक्षामा पहुँचमा बृद्धिका लागि नगरपालिकाबाट आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यस्तो सहयोग आगामी आर्थिक वर्षहरुमा थप विस्तार गर्दै लगिनेछ ।

३.७.६ नगरपालिका भित्र गुणस्तरिय र निःशुल्क शिक्षा नीतिलाइ कार्यान्वयन गर्न खाली दरवन्दीलाइ पुर्णता, दरवन्दी नपुग भएका विद्यालयहरुमा नगर स्वयमसेवक शिक्षक भर्ना गरी निजहरुको क्षमता विकास र संचालित मा.वि तथा आधारभुत विद्यालयहरुको भौतिक संरचना सुधार गराउदै लगिनेछ ।

३.७.७ शिक्षाको गुणस्तर सुधार गर्न सम्वन्धित क्षेत्रका विज्ञहरु रहने गरी समिति गठन गरी नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ । साथै नगर शिक्षा कोषको थालनी गरिनेछ ।

३.७.८ बालबालिकालाई जीवनोपयोगी सिप, विपद् व्यवस्थापन सिप, आत्मरक्षा गर्नाका लागि सिप सिकाउने र विद्यालय तह पूरा गरेपछी स्वरोजगार हुनसक्ने जनशक्ती तयार गर्ने नीति लिने कार्यक्रमको थालनी गरिनेछ ।

३.७.९ स्थानीय पाठ्यक्रम विकास गरी सो पाठ्यक्रमलाई सिपमुलक शिक्षासंग जोड्दै शिक्षा प्रणालीमा आवद्ध गरिनेछ।

३.७.१० शिक्षकलाई आफ्नो पेशागत मर्यदा र सक्षमता अभिवृद्धि गर्न शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजा तथा उपलब्धी संग जोडिनेछ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश

३.७.११ उपमहानगरपालिकाभित्रका कक्षा ९ सम्मको प्रश्नपत्र नगरपालिकाबाटै निर्माण गरि परिक्षा लिने व्यवस्थाको थालनी क्रमश गरिनेछ ।

३.७.१२ सबै विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ ।

३.७.१३ प्रत्येक सामुदायिक माध्यामिक विद्यालयमा नेपाल सरकारको नीति अनुरुप एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरिनेछ ।

३.७.१४ नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक क्याम्पसहरुको दिगो सम्वर्द्धनको लागि आवश्यक शैक्षिक तथा भौतिक अनुदान उपलब्ध गराईनेछ । साथै प्राविधिक शिक्षाको स्थापना र विकासमा जोड दिईनेछ ।

३.७.१५ सामुदायिक तथा संस्थागत विद्यालय बीचको भेदभावलाई अन्त्य गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण गरिनेछ ।

३.७.१६ एम.वि.वि.एस, ईन्जिनियरिङ्ग पढ्ने जेहेनदार छात्रछात्राहरु लाई छात्रवृत्ति दिईनेछ ।

### ३.८. खेलकुद तथा अतिरिक्त कृयाकलाप नीति

३.८.१ नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ ।

३.८.२ नगरपालिका भित्र रहेका खुला, सार्वजनिक पर्ती तथा नदी उकास आसपासका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खेलकूद मैदान, बालउद्यान, फूटसल जस्ता पूर्वाधारको निर्माण एवम् सञ्चालनमा सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३.८.३ नगरपालिका भित्र रहेका खुला, सार्वजनिक क्षेत्रहरुमा योग साधना, व्यायामका अतिरिक्त शारीरिक तथा मानसिक अवस्था स्वस्थ्य राख्ने बहुआयामिक क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

३.८.४. नगरपालिका क्षेत्रका विद्यालयहरु वीच नगर कप खेलकुद, कला, साहित्य, संस्कृति लगायत अतिरिक्त कृयाकलाप प्रतियोगिता आयोजना गरिनेछ ।

३.८.५ एघारौं वृहद् खेलकुद मधेश प्रदेशमा हुने भएको हुँदा सोको लागी संघ, प्रदेश सरकार र खेलकुद सँग सम्वन्धित पक्षहरुको सहकार्यमा अधिकतम खेलहरु खेलाउन सकिने गरी खेलकुद पूर्वाधारमा जोड दिइनेछ ।

३.८.६ राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउदैं सो कार्यक्रमको लागि निरन्तरता दिईनेछ र नगरभित्रका विद्यालयलाई सहभागिताको आधारमा आर्थिक सहयोग गरिनेछ ।

### ३.९. पुर्वाधार विकास नीति

३.९.१ नगरपालिका क्षेत्रभित्र अत्यावश्यक सडकहरुको लागि नगरपालिका यातायात गुरुयोजना (MTMP) निर्माण गरी विस्तृत योजना प्रतिवेदन तयार गरी लागु गरिनेछ ।

३.९.२ नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्वन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माण, पुनः निर्माणलाई अगाडि बढाइने छ । साथै नगरपालिकाको पहिचानका लागि भवन रंगको मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

३.९.३ नगरपालिका क्षेत्रको सडक सन्जालमा सबै नगरवासीहरुको पहुँच वढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण भन्दा भएको सडकहरुको स्तरोन्नति गरिनेछ । साथै नगरपालिका क्षेत्रमा रहेको रणनीतिक सडक, सहायक सडक, गोरेटो वाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमा अगाडि बढाइने छ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.९.४ नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरु लाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईने छ ।

३.९.५ नगरपालिका क्षेत्र भित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकुद लगायतका क्षेत्रहरु सार्वजनिक (निजी साझेदारी (PPP) अवधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु संचालन गरीनेछ ।

३.९.६ नगरपालिका क्षेत्रमा भएका विद्युत लाइनका पोल तथा वितरित लाइनहरु व्यवस्थीत रुपमा सुधार गरी विद्युत सेवा उपयोगमा सबैको पहुँच पुर्याउन सम्बन्धित निकाय संग समन्वयात्मक पहल गरिनेछ ।

३.९.७ आफ्नो कार्यालय भवन नभएको वडाले अनिवार्य रुपमा कार्यालय भवन निर्माण गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

३.९.८ दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल, तराई मधेश फास्ट ट्रयाक निकट रहेको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं. १२, १५, १६, १७ र १८ लाई समेटेर विशेष शहरको रुपमा विकास गर्दै लगिने नीति लिईनेछ ।

३.९.९ उपभोक्ता समितिबाट हुने निर्माण कार्य घटाउदै र टोल बिकास समिति मार्फत निर्माण कार्य गरिदैं लगिनेछ ।

३.९.१० प्रत्येक नागरिकले आफ्नो व्यक्तिगत तथा घरायसि प्रयोजनका लागी निर्वाध रुपमा पर्याप्त सुरक्षित र सुलभ पानी प्रयोग गर्न पाउने मौलिक हक अधिकारका लागी आवश्यक पहल लिईनेछ ।

३.९.११ वडा नं ५ स्थित बकुलिया खानेपानीलाई यसै बर्ष सञ्चालनमा ल्याई वडा नं ५ र ७ का जनताको स्वच्छ खानेपानी प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ । अन्य वडाहरु १२, १७, १८, १९, २०,२१,२२ २३, २४ हरुमा समेत स्वच्छ खानेपानीका लागी आवश्यक पुर्वाधारहरु निर्माण गरिनेछ ।

३.९.१२ नदि कटान तथा बाढिबाट हुन सक्ने जनधनको क्षति तथा न्युनिकरणका लागी आवश्यक वातावरणीय दृष्टिकोणले दिगो पुर्वाधारहरुको निर्माण गरी क्षति न्युनिकरण तथा व्यवस्थापन गरिनेछ ।

३.९.१३ नगरविकास कोष लगायत अन्य संघ संस्थासंगको समन्वयमा तपशिल बमोजिमका आन्तरिक आय बढाउने पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछः

क. कृषि बजारः जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ८ लोसण्डा, वडा नं.१२ फत्तेपुर, वडा नं १९ ईनर्वासिरा ।
ख. व्यापारिक भवनः जीतपुर, सिमरा, नितनपुर, डुमरवाना ।
ग. ट्रक तथा वस पार्किङः वडा नं. ५, वडा नं. २३, पथलैया र अमलेखगञ्ज ।
घ. औधोगिक कोरिडोर व्यवस्थापन ।

३.९.१४ नगर विकास कोषको सहयोगमा निर्माणका हुन लागेको सिमरा कम्प्लेक्स छिटो छरितो बनाउनको लागि आवश्यक पहल गरिनेछ ।

३.९.१५ वीरगंज - पथलैया मार्गमा डिजल तथा पेट्रोल बाट चल्ने स्थानीय सार्वजनिक यातायातका साधनहरुलाई जलवायु परिवर्तन तथा राष्ट्रको व्यापार घाटा समेत सम्वोधन गर्न सक्ने साथै वीरगंज पथलैया औधोगिक कोरिडोरमा औधोगिक पर्यटनलाई मूर्त रुप दिन आवश्यक, वातावरणीय तथा आर्थिक रुपले उत्कृष्ट बिधुतिय सार्वजनिक सवारी साधनहरु जस्तै ट्राम वस, ट्रलि वस, ईलेक्ट्रिक बसहरुको आवश्यकता पहिचान गर्न वीरंगंज महानगरपालिकासंग समन्वय प्रक्रिया अगाढि बढाईनेछ ।

३.९.१६ नगर गौरवको योजना सम्भाव्यता अध्ययन गरी कार्य प्रक्रिया अगाडी बढाईनेछ ।

३.९.१७ नगरपालिका भित्रको सम्पूर्ण राजमार्गमा सि.सि.टि.भी जडान गरिनेछ ।

३.९.१८ सिमरा कोल्हवी सडकको स्तर उन्नती तथा पुर्णताको लागि आवश्यक पहल गरिनेछ ।

३.९.१९ जीतपुर संग जोडिने प्रत्येक वडामा जाने पुल तथा कल्भर्टहरु निर्माण गरिनेछ ।

३.९.२० वडा नं १५ मा रहेको हात्तिसारको ऐलानी जग्गामा हाट बजार साथै बिजनेस पार्कको व्यवस्थापन गरिनेछ ।

राजन पौडेल
नगर प्रमुख

सिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.९.२१ वडा नं १२,१३,१४,१५ लाई मध्यनजर गरि स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि थप १ ओभरहेड ट्याङ्की र पाईपलाईन लागिं आयोजना मागको लागि पहल गरिनेछ ।

३.१०. आर्थिक विकास नीति

३.१०.१. युवाहरु रोजगारीको सिलसिलामा विदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त तालिमहरु उपलब्ध गराई स्वदेशमै स्वराजगार सिर्जना गरी एक घर एक रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ ।

३.१०.२. नगरको श्रम नगरकै लागि पसिना भन्ने नीतिलाई कार्यान्वयन गर्न युवाहरुलाई लक्षित गरी रोजगारमूलक सिप विकास तालिम प्रदान गरिनेछ ।

३.१०.३. युवाहरुलाई लक्षित गरी स्वःरोजागर, आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३.१०.४ नेपाल सरकारको सहयोगमा संचालित मेडपा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३.११. सामाजिक विकास नीति

३.११.१ यस नगरपालिका क्षेत्र भित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य, मधुमेह, उच्च रक्त चाप, थाइराइड, मृगौला, क्यान्सर, मुटु रोग, आङ खस्ने समस्या जस्ता रोगको निःशुल्क स्वास्थ्य परिक्षण शिविर, एम्बुलेन्स सेवा, लगायत का सेवा सुविधालाई सहज र सरल ढंगले उपयोग गर्न सकने वातावरण वनाउन आवश्यकता अनुसार निजी तथा संस्थागत साझेदारी सहभागिता समेतलाई अवलम्वन गरी प्रभावकारी ढंगले योजना वनाइने छ ।

३.११.२ लक्षित वर्गको क्षमता बृद्धि- गरी आत्मनिर्भर वनाउन चेतनामुलक, सीपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराईने छ ।

३.११.३ नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३.११.५ नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला,जात्रा पर्व, भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सास्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिँदै लगिनेछ ।

३.११.६ नगरपालिका क्षेत्रमा रहेका सम्पदा, मठ, मन्दिर, गुम्वा, मस्जिद, सत्तल, पाटी, पौवा तथा सामाजिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मतसंभारको लागी समन्वयात्मक पहल गरिने छ ।

३.११.७ नगरपालिका क्षेत्र भित्रका अती गरिव दलित, जनजाती, महिला लगायतहरुको क्षमता विकास, सिप विकास, आय आर्जन लगायतका कार्यहरु सञ्चालन गरी पछाडी पारिएका वर्ग तथा समुदायको उन्नती र प्रगती हुने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

३.११.८ प्राकृतिक प्रकोपका हिसावले अति जोखिम क्षेत्रमा पर्ने वासिन्दा, पिछडिएका वर्ग, न्यून आय भएका तथा विपन्न वर्गका व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुको दुर्घटना, स्वास्थ्य तथा सम्पत्तिको सुरक्षा प्रदान गर्न प्रोत्साहन सहितको लघुवीमा कार्यक्रम लागू गरिनेछ ।

३.११.९ यस उपमहानगरपालिकाभित्र रहेका सञ्चार गृहको उचित व्यवस्थापन गरिनेछ ।

३.१२. सहकारी सम्वन्धी नीतिः

३.१२.१ उपमहानगरपालिका क्षेत्रभित्रको आर्थिक र सामाजिक रुपान्तरणको लागि गुणात्मक एवं दिगो सहकारिता अभिवृद्धि गर्न उपमहानगरपालिका क्षेत्रका सहकारी र वित्तिय क्षेत्रलाई परिचालन गर्ने नीति लिईनेछ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.१२.२ सहकारीको माध्यमबाट गरिब विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र उपमहानगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ।

३.१२.३ कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकिकृत गर्दै सामुहिक खेति तरकारी बिउ बिजन, फुल र अन्य कृपि उपजको वजार व्यवस्थापन गरिनेछ ।

३.१२.४ सहकारी क्षेत्रको क्षमता अभिवृद्धिको लागि सहकारी शिक्षा नेतृत्व विकास र व्यवस्थापन तालिम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।

३.१२.५ समस्याग्रस्त सहकारीहरुको पहिचान गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्ने, सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न उपमहानगरपालिकाबाट नियमित अनुगमन गर्ने र नियमित अनुगमनको माध्यमबाट यस उपमहानगरपालिका भित्र संचालित सहकारी संस्थाहरुको तथ्याङ्कलाई दुरुस्त बनाईनेछ ।

३.१२.६ दर्ता भएका तर कम्तिमा तीन आ.ब. सम्म साधारण सभा नगरि निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ भने एउटै प्रकृतिका सहकारी तथा सदस्य दोहोरिएका सहकारी संस्थाहरुलाई सहकारीको मर्म अनुरुप एकिकरणको प्रक्रियामा लगिनेछ ।

३.१२.७ नयाँ सहकारी दर्ता प्रक्रियालाई हालको लागि पूर्ण रुपमा निरुत्साहित गरि संचालनमा रहेका सहकारी संस्थाहरुलाई उपमहानगरपालिकाबाट व्यवस्थित गरिनेछ भने यस उपमहानगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारीहरुको प्रवर्द्धन तथा संस्थागत विकासको लागि नमुना सहकारीहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

३.१२.८ सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा सहकारी तथा गरिवि सम्वन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गरि सहकारीको विवरणहरुमा अद्यावधिक गरि यस उपमहानगरपालिका भित्र ऐन नियम बमोजिम संचालित सहकारीहरुलाई पुरस्कृत र सो विपरित संचालित सहकारीहरुलाई जरिवानाको दायरामा समेत ल्याईनेछ।

३.१२.९ यस उपमहानगरपालिका भित्र संचालित कृषि, उपभोक्ता तथा उत्पादनमुलक सहकारीहरुको प्रभाकारी अनुगमन गरि आवश्यकताको आधारमा शसर्त पुँजीगत अनुदानको व्यवस्था गरिनेछ भने कृषि तथा उपभोक्ता सहकारीको माध्यमबाट यस उपमहानगरपालिकाको कृपक एवं उपभोक्ताहरुलाई आवश्यक रासायनिक मल तथा उपभोग्य सेवाको परिपूर्ति गर्न सम्वन्धित निकाय सँग आवश्यक पहल गरिनेछ ।

३.१२.१० सहकारी संस्थाको समस्या समाधानको लागि यस उपमहानगरपालिकाको पहलमा चौमासिक रुपमा सबै सहकारी संस्थाको प्रतिनिधिहरुको उपस्थितिमा बैठक वसि सहकारीका समस्याहरुको उचित सम्बोधन गरिनेछ।

३.१३. वन वातावरण र फोहोरमैला तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

३.१३.१ अनुमान गर्न नसकिने तर पूर्व तयारी गरे विपदबाट बाँच्न र बचाउन सकिने अभ्यास हामीले गर्दै आएको छौं। विपद कतिवेला आउछ भनी पूर्व अनुमान गर्न नसकिने, देखा परेमा तत्काल प्रतिकार्य गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षमा समेत यसलाई निरन्तरता दिइनेछ ।

३.१३.२ नगरपालिकाबाट पारित विपद् व्यवस्थापन ऐन तथा कार्यविधिको अधिनमा रही वडा स्तरीय विपद व्यवस्थापन समितिको निर्णयबाट वडा कार्यालयले नै साना तिना विपद् सम्वोधन गर्ने नीतिगत ब्यवस्थाको कार्यान्वयन गरिनेछ।

राजन पौडेल
नगर प्रमुख

३.१३.३ नगरपालिका क्षेत्रको विकासमा अवरोध गर्ने, सडक तथा नदी, खोलानालाको क्षेत्राधिकार मिच्ने, मास्ने तथा नष्ट गर्ने, जमीन, घर तथा भौतिक संरचनामा स्वीकृत मापदण्ड विपरितको कार्य गर्ने व्यक्ति तथा समूहको पहिचान गरी नगरपालिका स्तरीय लगत खडा गरिनेछ । वडा तथा नगर कार्यपालिकाले यस्ता व्यक्ति तथा समूहलाई नियमन गर्दै कानूनी दायरामा ल्याउने नीति लिइने छ ।

३.१३.५ सडकको क्षेत्राधिकार भित्र सडक निर्माण गर्न अवरोध गर्नेलाई नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधावाट बन्चित गर्ने नीति लिइनेछ ।

३.१३.६ बीमाको माध्यमबाट विपद् व्यवस्थापन तथा क्षति न्यूनिकरण गर्न आम नागरिकलाई बीमा वारे जनचेतना फैलाई सर्वसुलभ रुपमा बीमा सेवा उपलब्ध गराउनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

३.१३.७ नगरपालिकाबाट निस्कने फोहोर विर्सजनका लागी जमिनको आवश्यक व्यवस्थापन गर्दै लैजाने र जमिन व्यवस्थापन नहुँदा सम्म अन्य स्थानीय निकायसँग समन्वय र सहकार्य गरी फोहोर व्यवस्थापन गरिनेछ ।

३.१३.८ सरसफाइ तथा फोहोर व्यवस्थापनका लागी संस्था, व्यक्ति तथा फर्म मार्फत गराइदै आएकोमा आ.व. २०८०/०८१ देखि नगरपालिका र वडा कार्यालयको सहकार्यमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३.१३.९ सडक, बाटोको दायाँवायाँ दुवै तर्फ, खोलाका किनार, पैनीको किनारमा वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ ।

३.१३.१० वालगंगा, दुधौरा र पसाहा नदीको दायाँ वायाँ नदीको नक्सांकन गरी बाँकी रहेको नदी उकास क्षेत्रमा बाँस रोपेर तटवन्धन गरिनेछ ।

३.१३.११ यस नगरभित्र ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोला नगरबाट विस्थापित गरिदैं लगिनेछ ।

३.१३.१२ यस उपमहानगरपालिकाबाट प्रदान गरिने प्रकृतिक प्रकोप तथा विपद्का सिफारिसहरु निःशुल्क गरिनेछ ।

३.१३.१३ वडा भित्रका नदी तथा खोला क्षेत्रको उत्खनन् बाट उठेको रकमको ५०% सोही नदी तटबन्धन तथा नियन्त्रणको लागि खर्च गरिनेछ ।

३.१३.१४ एक घर दुई विरुवाको अवधारणा अनुरुप नगरपालिकाको अनुदानमा प्रत्येक घरले दुई वटा विरुवा रोपी वातावरण संरक्षणमा सहयोग पुर्याईनेछ ।

३.१३.१५ जंगलको सिमानामा पर्ने क्षेत्रमा वन्यजन्तुले कृषिजन्य उत्पादनलाई नष्ट गर्ने गरेको हुँदा पर्सा राष्ट्रिय निकुञ्ज र जिल्ला वन कार्यालयसंग समन्वय गरी वनमा तारजाली लगाउने कार्यमा पहल गरिनेछ ।

३.१३.१६ उद्योगबाट हुने प्रदुषण नियन्त्रण तथा नदि नियन्त्रण गर्न सरोकारवालासंग आवश्यक समन्वय गरि समाधानको बाटो खोजि गरिनेछ ।

३.१३.१७ औधोगिक करिडोरभित्रका उद्योगहरुलाई प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्वन्धी नगरपालिकाको विज्ञद्वारा निःशुल्क परामर्श दिईनेछ ।

## ३.१४. भुमि व्यवस्थापन तथा भवन नियमन नीति

३.१४.१ नगरपालिका क्षेत्रभित्रका घरहरुको क्रमश Block No. तयार गरी आधुनिक प्रणालीमा अभिलेखीकरण गर्दै आवद्ध गरिनेछ ।

३.१४.२ यस नगरपालिकालाई योजनावद्ध ढंगले विकास गर्न भु-उपयोग नीति अन्तर्गत कृषी उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र, हरियाली क्षेत्र, खुल्ला क्षेत्र, समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धाण गर्ने कार्यलाई अझ प्रभावकारी वनाइदै लगिनेछ ।

३.१४.३ नगरपालिका भित्र प्लटिङ्ग तथा प्लानिङ्ग गर्नका लागि अधिकार प्राप्त निकायहरुमा दर्ता भइ मापदण्ड पुरा गरेका व्यवसायिक संस्था तथा व्यक्ति लाई तोकिएका सवै मापदण्ड पुरा गर्ने शर्तमा मापदण्ड बनाई मापदण्ड


राजन पौडेल
नगर प्रमुख

बमोजिम स्वीकृती प्रदान गरिनेछ । यस्ता कार्यबाट सार्वजनिक पर्ति जग्गा अधिक्रमण नहुने र वातावरणिय रुपमा असर पर्ने तर्फ सतर्कता अपनाइनेछ ।

३.१४.४ मालपोत र नापी कार्यालय स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्ने भएको हुँदा मालपोत र नापी कार्यालयलाई नगरपालिका अन्तर्गत ल्याउन नेपाल सरकारसँग पहल गरिनेछ ।

३.१४.५ सार्वजनिक जग्गा ओगटेर निर्माण गरिएका अनाधिकृत संरचनाहरु क्रमश हटाईंदै लगिनेछ ।

३.१४.६ दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागी १६ नं. वडा स्थित टाँगियावस्तीलाई स्थानान्तरणका लागी नेपाल सरकार, प्रदेश सरकारको नीति तथा कार्यक्रमको साथै आ.वं. २०८०/०८१ को बजेट वक्तव्यमा समेत उल्लेख भएको हुँदा यस उपमहानगरपालिकाबाट उक्त क्षेत्रको वासिन्दाहरु संग समन्वय र सहकार्य गरी सम्वन्धित स्थानीयवासीलाई न्यायोचित ढंगले आवश्यक व्यवस्थापन गरेर मात्रै विमानस्थल निर्माण गर्न पहल गरिनेछ ।

३.१४.७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को (ढ) बमोजिम जग्गा धनी प्रमाण पुर्जा वितरण गरिनेछ ।

३.१४.८ सेजको जग्गामा बसेका अव्यवस्थित तथा सुकुम्बासी बस्तीमा रहेका घरपरिवारको व्यवस्थापन गर्नको लागि उद्योग मन्त्रालयमा पहल गरिनेछ ।

३.१४.९ नगर भित्र ऐलानी अव्यवस्थित, भूमिहिन सुकुम्वासी र दलितहरुलाई राष्ट्रिय भूमी आयोग संग समन्वय गरि लालपूर्जा वितरण कार्यको थालनी गरिनेछ ।

### ३.१५ न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीति

३.१५.१ सामाजिक सदभाव, विपद व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्वन्धमा सम्बन्धित निकाय संगको विगत देखिको समन्वय,सहकार्य लाई अझ बढी प्रगाढ र फलदायी वनाउदै लगिने छ ।

३.१५.२ नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

३.१५.३. सुचना प्रणाली व्यवस्थित गराउँदै लानुको साथै नगरपालिकाको विद्युतिय पाश्र्वचित्र (Digital Profile) तयार गरी सो को आधारमा योजना प्रक्रिया सञ्चालन गरिनेछ ।

### ३.१६. योजना अनुगमन तथा तथ्याङ्क नीति

३.१६.१ नगरपालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रमहरु लाई गुणस्तरीय र छिटो छरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व. को वैशाख मसान्त भित्र कायदिश सम्झौता हुने नीतिलाई निरन्तरता दिँदै अषाढ १० सम्म सम्पन्न गरी सो को भुक्तानी फर फारक गरी सक्नु पर्ने नीति अवलम्वन गरिनेछ ।

३.१६.२ नगरपालिका क्षेत्र भित्र संचालन हुने योजनाको विवरण नगरपालिकाको वेभसाइट वा विद्युतीय माध्यम मार्फत सार्वजनिक गरिनेछ ।

३.१६.३ स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा क्रमश संचालन गर्ने नीति लिइनेछ ।

३.१६.४ साविकमा रहेको वक्यौता वेरुजु एवं पेश्की फछ्यौट गर्ने कार्यलाई कार्य योजना सहित फछ्यौंट एवं असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी वनाइने छ ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

३.१७. पर्यटन प्रवद्र्धन नीति

३.१७.१ यस उपमहानगरपालिकाभित्र धेरै होटल तथा रेस्टुरेन्टहरु सञ्चालित रहेकोले उपमहानगरपालिकाको समृद्धिको एक मुख्य आधार पर्यटन हो । पर्सा राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन र निजि क्षेत्रका उद्योग वाणिज्य संघ, चेम्वर अफ कमर्स, होटल तथा पर्यटन व्यवसायिक संघ र समुदायसंग सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

३.१७.२ आन्तरिक पर्यटनको विकास र खेलकुद विकासका लागि हाईकिङ तथा साईकिलिङ लेन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

३.१७.३ होमस्टे व्यवसायको लागि प्रवर्द्धनात्मक कार्यक्रम मार्फत होमस्टे सन्चालनलाई प्रोत्साहन गरिनेछ ।

३.१७.४ कर्मकुमारी धारा, वाण लिङ्गेश्वर महादेव मन्दिर, अमलेखगञ्ज, ऐतिहासिक राणाकालिन कमिनी दह, पर्सा राष्ट्रिय निकुञ्ज, हातिसार, हलखोरिया दह, रामजानकी मन्दिर, बंगडी ताल, शान्ति बाटिका पार्क, चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, गढीमाई मन्दिर, सहजनाथ महादेव मन्दिर, जलेश्वर महादेव मन्दिर, थानीमाई मन्दिर, छठिमाई मन्दिर, मठमन्दिर, मस्जिद, चर्च, गुम्बा, कब्रस्तान, इदगाह, यूनिफिकेशन पार्क, जीतपुर गढीमाई मन्दिर लगायत अन्य सम्भावित पालिका भित्रका पर्यटकिय क्षेत्रलाई खोजी गरि आन्तरिक तथा बाह्य पर्यटनसंग जोड्ने कार्यको अध्ययन र कार्यान्वयन प्रक्रियालाई अघि बढाईनेछ ।

३.१७.५ पिलुवा क्षेत्रको वंगडी दह र शान्ती वाटिकालाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न यसै आ.व. बाट थालनी गरिनेछ ।

३.१७.६ पर्यापर्यटनलाई प्रवर्द्धन गर्न पर्सा राष्ट्रिय निकुञ्ज तथा वरीपरी रहेका सामुदायिक वन, साझेदारी वन लगायतका वनमा जंगल सफारीका लागी स्थानीय स्तरमा रहेका संस्था वा स्थानीय पर्यटन व्यवसायीलाई प्रस्ताव आव्हान गरी सोको मूल्यांकनका आधारमा सवारी साधन खरिद गर्न साझेदारीमा केही अनुदानको व्यवस्थापन गरिनेछ।

३.१७.७ जीतपुरसिमरा उपमहानगरपालिकालाई पर्यटन हब बनाउनको लागी अम्लेखगंजको झोलुङ्गे पुल देखी सिद्धबाबाको मन्दिर हुँदै ढुकुवावास सम्मको ट्रेकिङ रुटको डि.पि.आर. लाई कार्यान्वयन गरिनेछ । साथै पर्सा राष्ट्रिय निकुञ्ज भित्र Canopy Bridge को डि.पी.आर. तयार गरी कार्यान्वयन गरिनेछ ।

३.१७.८ वडा नं २१ मा रहेको पिकनिक पार्कलाई व्यवस्थित गरिनेछ ।

अन्त्यमा, माथी उल्लिखित आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमका अलवा अघिल्लो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण नीति तथा कार्यक्रमलाई गन्तव्य सम्म पुर्याइनेछ भन्दै नीति तथा कार्यक्रमलाइ ध्यान दिई मनन गरिदिनु हुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य ज्यू, सभाहलमा उपस्थित कर्मचारी वर्ग, संचारकर्मी लगायत संचारमाध्यमबाट प्रत्यक्ष सुनिरहनुहुने नगरवासी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु, धन्यवाद ।

राजन पौडेल
नगर प्रमुख

राजन पौडेल
नगर प्रमुख
जीतपुरसिमरा उपमहानगरपालिका